# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु नापी विभाग, काठमाडौंमा नापी अधिकृत/रा.प तृतीय श्रेणीमा कार्यरत राजु पुरीसमेत २ जना मु.नं (०८०-CR-०००७) फैसला मिति २०८१।०२।३०</td>
<td>गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी<br>• प्रतिवादी राजु पुरीले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र सो कसुरलाई निरन्तरता दिएको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको तथ्य प्रमाणबाट पुष्टि भएको हुँदा निज राजु पुरीलाई बिगो रु.१,०४,०३,९४१।८३ (एक करोड चार लाख तीन हजार नौ सय एकचालिस रूपैयाँ त्रियासी पैसा) कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२), प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको जरिबाना र कैद सजाय हुनका लागि मागदाबी लिइएको छ। साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग, ऐ. ऐनको दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति रु.१,०४,०३,९४१।८३ (एक करोड चार लाख तीन हजार नौ सय एकचालिस रूपैयाँ त्रियासी पैसा) प्रतिवादीबाट जफत एवं असुल उपर गरी पाउन मागदावीमागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>अदालतको फैसला</td>
<td>फैसलाः<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>• ब्यय शिर्षकको हकमाः-<br>• विद्युतीय सामग्री प्रिन्टर तथा ल्यापटप खरिद गर्दाको रकम क्रमशः रु.13,000।- तथा रु.50,000।- गरी कूल रु.63,000।- निजले आयोग समक्ष पेस गरेको सम्पत्ति विवरणमा उल्लेख गरे बमोजिम एवं वासिङ्ग मेसिन खरिद बापतको रकम रु.91,000। (एकानब्बे हजार रुपैयाँ) आयोगबाट खटाईएका प्राविधिकहरुको टोलिले स्थलगत अवलोकन गरी तयार गरेको घर मूल्याङ्कन प्रतिवेदनमा समावेश भएको रकमलाई व्ययमा गणना गरेको न्यायसंगत नै देखियो,<br>• अध्ययनको लागि अष्ट्रेलिया जाँदा भएको हवाई टिकट लगायत अन्य खर्चहरु बापतको रकम प्रतिवादीले राजु पुरीले आयोग समक्ष मिति 2080/02/10 मा गरेको बयान बमोजिम आयोगले रु.90,000।- व्ययमा गणना गरेको देखिन आयो। सो टिकट रु.७०,०००। (सत्तरी हजार रुपैयाँ)मा खरिद गरेको भन्ने टिकट खरिद बिल र नेपाल इन्भेष्टमेन्ट बैंक हाल नेपाल इन्भेष्टमेन्ट मेघा बैंकको खाताको बैंक विवरणबाट देखिन आएकोले हवाई टिकट खर्च शीर्षकमा रु.७०,०००। (सत्तरी हजार रुपैंयाँ) मात्र गणना गर्नु पर्ने देखियो।<br>• आय शिर्षकको हकमाः-<br>• घरजग्गा बिक्रीका सम्बन्धमा, राजु पुरीले जिल्ला ललितपुर, गोदामचौर १घ स्थित कि.नं. ५५२को क्षेत्रफल ०-६-०-० भएको जग्गा भुवना जोशीलाई राजिनामा पास गरी बिक्री गरेको देखिएको तथा जिल्ला काठमाडौं, मातातिर्थ ९ख स्थित कि.नं. ६०८ को क्षेत्रफल ०-५-२-२ को जग्गा सुमित्रा कार्कीलाई राजिनामा पास गरी बिक्री गरेको आयमा गणना गर्नु पर्ने,<br>• घर जग्गा बहाल आय सम्बन्धमा, घर तथा जग्गा बहाल सम्झौता एवम् नगर पालिकमा तिरेको घरबहाल कर समेतबाट प्रतिवादीको घर तथा जग्गा बहाल शीर्षकमा आयमा गणना हुने देखिएको तथा श्रोत नखुलेको भनी घर जग्गा बहाल अन्तरगत न्युन आय गणना गरेको आयोगको गणना मिलेको देखिएन,<br>• कर्जाको आय सम्बन्धमा, अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि. तथा कर्मचारी संचयकोषबाट लिएको कर्जाहरु आयोगले प्रतिवादीको कर्जा शीर्षक अन्तरगतको आयमा गणना गरेको नदेखिएको हुँदा उक्त दुवै वित्तीय संस्थाबाट लिएको कर्जा आयमा गणना हुने,</td>
<td>• प्रतिवादी उपर अभियोजन गर्दा आयोगले मूल्याँकन गरेको सम्पतिको विवरणः-प्रतिवादी राजु पुरीले सार्वजनिक सेवाको पदमा कार्यरत रहँदा पेश गरेको सम्पत्ति विवरण, अनुसन्धानको क्रममा निज प्रतिवादीहरुको बयान, विभिन्न बैंकबाट प्राप्त विवरण, अनुसन्धानको सिलसिलामा संकलित विभिन्न चल अचल सम्पत्तिहरुसँग सम्बन्धित विभिन्न निकायहरुबाट प्राप्त प्रमाण, प्रतिवेदन तथा कागजातहरु लगायत निज प्रतिवादीको सम्पूर्ण आय व्ययका सम्बन्धमा गरिएको आय व्यय प्रबाह विवरण (Income Expenditure Cash Flow) को प्रचलित कानूनको व्यवस्थाको रोहमा बस्तुनिष्ठ तवरले अध्ययन एवं विवेचना गर्दा निज प्रतिवादीले सार्वजनिक सेवा प्रवेश गरेको मिति २०५२/०९/०९ देखि मिति २०७९/०३/३२ सम्मको सम्मको अनुसन्धान जाँच अवधिको समग्र आय व्यय निम्न बमोजिम देखिन्छः-
<table>
<tr><th>सि.नं</th><th>आयको विवरण</th><th>आय रकम</th><th>व्ययको विवरण</th><th>व्यय रकम</th></tr>
<tr><td>१</td><td>तलब</td><td>३१,६०,४८१.१७</td><td>अध्ययन खर्च</td><td>१०,५६,४६७.०१</td></tr>
<tr><td>२</td><td>दशैं भत्ता</td><td>३,२०,८६८.८०</td><td>कर्जा तिरेको</td><td>४१,४३,७६१.१३</td></tr>
<tr><td>३</td><td>जग्गा बिक्री</td><td>५,६९,९६२.३०</td><td>घर निर्माण</td><td>५५,०९,२८१.२७</td></tr>
<tr><td>४</td><td>कर्जा लिएको</td><td>३७,४७,१३४.९०</td><td>जग्गा खरिद</td><td>६६,५९,६४१.००</td></tr>
<tr><td>५</td><td>बीमाबाट प्राप्त भुक्तानी रकम</td><td>३,०५,५९३.४०</td><td>विद्युतीय सामान</td><td>१,५४,०००.००</td></tr>
<tr><td>६</td><td>ब्याज आय</td><td>३,२५,६८४.२६</td><td>बीमा प्रिमियम</td><td>४,१९,२६३.००</td></tr>
<tr><td>७</td><td>लाभांश आय</td><td>१,३७,१६१.००</td><td>लाभ कर</td><td>७५,२२९.००</td></tr>
<tr><td>८</td><td>घर भाडा आय</td><td>१७,२५,४७२.३०</td><td>शेयर खरिद</td><td>८,६६,४८६.००</td></tr>
<tr><td>९</td><td>जग्गा मुआब्जा आय</td><td>५,८४,०१९.१०</td><td>सवारी साधन</td><td>४,२८,९००.००</td></tr>
<tr><td>१०</td><td>अन्य भत्ता</td><td>४,७६,८७२.२०</td><td>बिदेश भ्रमण खर्च</td><td>१,७१,६७५.००</td></tr>
<tr><td>११</td><td>कृषि आय</td><td>७,२४,४९९.२५</td><td>हवाई खर्च</td><td>९०,०००.००</td></tr>
<tr><td>१२</td><td></td><td></td><td>बैंक मौज्दात</td><td>२९,०६,९८७.११</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१,२०,७७,७४८.६९</td><td>जम्मा</td><td>२,२४,८१,६९०.५२</td></tr>
</table></td>
</tr>
</table>

• राजु पुरी तथा सृजना गिरीको जाँच अवधिको समग्र आय तथा व्ययको विश्लेषण अर्थात गणना गर्दा कूल वैध आय रु.२,८२,३६,६८४।४४ (दुई करोड बयासी लाख छत्तिस हजार हजार छ सय चौरासी रुपैयाँ चौवालिस पैसा) रहेको र कूल व्यय तर्फ रु.२,२३,९९,६९७।१० (दुई करोड तेइस लाख उनान्सय हजार छसय सन्तानब्बे रुपैयाँ दश पैसा) रहेको देखिन आएको हुँदा जाँच अवधिमा प्रतिवादीहरुको कूल व्यय भन्दा वैध आय रु.५८,३६,९८७।३४ (अन्ठाउन्न लाख छत्तिस हजार नौ सय सतासी रुपैयाँ चौंतिस पैसा) बढी रहेको देखिन आएकोले प्रस्तुत मुद्दामा आरोपदावी पुग्न नसकेको अवस्थामा सफाई दिने ठहर गरी फैसला भएको अवस्था छ।

• **लाभांश आय सम्बन्धमा,** जाँच अवधि सम्मको प्रतिवादी राजु पुरी र सृजना गिरीको नाउँको लाभांश र निजहरुको छोरा सोजन पुरीको नाउँमा रहेको शेयर लाभांश गणना गर्न छुट हुन गएको हुँदा लाभांश प्राप्त गरेको रकम एनएमबि बैंक लि., नविल बैंक लि. र प्रभु बैंक लि.मा रहेको सृजना गिरी तथा सोजन पुरीको बैंक खातामा जम्मा भएको सो बैंक स्टेटमेन्टहरुबाट पुष्टि हुन आएकोले सो लाभांश वापतको रकम समेत प्रतिवादीहरुको आयमा गणना गर्नु पर्ने,

• **ब्याज आय सम्बन्धमा,** जाँच अवधिमा ब्याज बापत प्राप्त गरेको निज प्रतिवादीहरुको बैंक स्टेटमेन्टहरुबाट देखिएको हुँदा उक्त कूल ब्याज आय शिर्षकमा गणना गर्नु पर्ने,

**क) बिमाबाट प्राप्त भुक्तानी रकम सम्बन्धमा,** बिमा कम्पनीबाट प्राप्त भएको श्रोत पुष्टि भएको देखिन आएकोले सो रकमलाई निज प्रतिवादीहरुको बिमाबाट प्राप्त शीर्षकमा गणना हुने,

• **अन्य भत्ता आय सम्बन्धमा,** प्रतिवादी राजु पुरी नेपाल विद्युत प्राधिकरणमा कार्यरत रहेको बखत निजले विभिन्न शिर्षकमा प्राप्त गरेको भत्ता सम्बन्धमा सोको श्रोत पुष्टि हुने प्रतिवादी कार्यरत कार्यलायको पत्रहरु मिसिल संलग्न रहेको देखिन आएकोले सो रकम समेत निजको आयमा गणना गर्नु पर्ने,

• **विदेशी रेमिट्यान्स सम्बन्धा,** प्रतिवादी सृजना पुरीको आफन्त धन बहादुर अधिकारीले दुवईबाट पठाएको र प्रतिवादीको छोरा सोजन पुरीले अष्ट्रेलियाबाट पठाएको रेमिट्यान्स बापत प्रप्त गरेको एनएमबि बैंक लि.को बैंक स्टेटमेन्टबाट देखिन आएको हुँदा प्रतिवादीहरुले प्राप्त गरेको रकम रेमिट्यान्स आयमा गणना हुने,

• **मोटरसाइकल बिक्री आय सम्बन्धमा,** प्रतिवादी राजु पुरीको नाउँमा दर्ता रहेको बा३५प **८५२३** को मोटरसाइकल बिक्री गरेको भन्ने दल बहादुर सार्कीलाई यातायात व्यवस्था कार्यालय (मोटर साइकल) पारित गरिदिएको सवारी साधन नामसारी दरखास्तबाट देखिन आएकोले उक्त रकम निजको आयमा गणना गर्नु पर्ने,

• ब्यक्तिहरुबाट सापटी लिएको भन्ने प्रतिवादीको जिकिरलाई निजको बैंकखाताबाट देखिएको र उक्त तथ्यलाई सापटी दिनेले बकपत्रबाट समेत पुष्टि गरेकोले ब्यक्तिगत सापटी आयमा गणना गर्नुपर्ने,

• **विवाहमा प्राप्त दान, दक्षिणा, टिकाटालो सम्बन्धमा,** प्रतिवादीहरु राजु पुरी र सृजना गिरीको **२०५५** सालमा विवाह गर्दा माइती मावली पक्षबाट टिकाटालो, दान, दक्षिणा बापत प्राप्त भएको जिकिर लिएकोमा हाम्रो परम्परागत धर्म, संस्कार, संस्कृति, समय वा कालखण्ड बमोजिम प्राप्त गरेको भनिएको रकम समेतलाई मध्येनजर राख्दा उक्त जिकिर स्वाभाविक देखिन आएकोले आयमा गणना गर्नु न्यायसंगत देखिएको।

• **विशेष अदालतवाट उपरोक्त अनुसार फैसला गर्दा प्रतिवादीको समग्र आय व्ययको अवस्था निम्न अनुसार कायम गरेको देखिन्छः**

| | | | | |
|---|---|---|---|---|
| | बढी खर्च रकम | (१,०४,०३,९४१.८३) | | |

• उक्त जाँच अबधीमा प्रतिवादीको कारोवारमा ऋणात्मक भएको मिति र रकम निम्न अनुसार देखिन्छ।

| क्र.सं. | ऋणात्मक भएको मिति | ऋणात्मक भएको रकम )रु(. | ऋणात्मक भएको शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | २०६७।०३।०१ | १३,३३,६५५.८३ | घर निर्माण | भुई तला |
| २ | २०६७।०३।२३ | ४,१०,६९३.११ | कर्जा तिरेको | |
| ३ | २०६७।०३।३१ | १४,९६०.०० | अध्ययन खर्च | |
| ४ | २०६७।०८।२४ | २,१५,२२२.४८ | कर्जा तिरेको | |
| ५ | २०६७।१०।२७ | ४,१९७.०० | बीमा प्रिमियम | |
| ६ | २०६८।०३।१० | २०,०००.०० | कर्जा तिरेको | |
| ७ | २०६८।०३।३१ | १९,११०.०० | अध्ययन खर्च | |
| ८ | २०६९।११।०४ | ११,७८२.७९ | कर्जा तिरेको | |
| ९ | २०६९।११।१३ | ४,१९७.०० | बीमा प्रिमियम | |
| १० | २०७०।०३।१६ | १,०००.०० | शेयर खरिद | |
| ११ | २०७०।०३।३१ | ३१,०००.०० | घर निर्माण | टेबल तथा कुर्सि |
| १२ | २०७०।०३।३१ | ५०,०००.०० | बिद्युतिय सामान | |
| १३ | २०७०।०३।३१ | २७,८००.०० | अध्ययन खर्च | |
| १४ | २०७२।०३।३१ | ७,७९,३८५.३६ | घर निर्माण | पहिलो तला देखि |
| १५ | २०७२।०३।३१ | २५,०००.०० | घर निर्माण | झुमर |
| १६ | २०७२।१२।२३ | ३,५४,३२८.७८ | कर्जा तिरेको | |
| १७ | २०७३।०३।३१ | ९,०५,५१०.०१ | कर्जा तिरेको | |
| १८ | २०७३।०८।१४ | १८,४५,३६६.८८ | जग्गा खरिद | |

| क.सं. | आयको शीर्षक | आय रकम (रु.) | क. सं. | व्यय शीर्षक | व्यय रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | ३१,६०,४८१।१७ | १ | घर निर्माण | ५६,१०,२८७।८५ |
| २ | घरजग्गा बिक्री | ५२,९०,०००।- | २ | कर्जा भुक्तानी | ४१,४३,७६१।१३ |
| ३ | घर जग्गा बहाल | २२,६८,०००।- | ३ | बिमा प्रिमियम भुक्तानी | ४,१९,२६३।- |
| ४ | मुआब्जा प्राप्त | ५,८४,०१९।१० | ४ | जग्गा खरिद | ६६,५९,६४१।- |
| ५ | कर्जा | ४१,९२,०३४।९० | ५ | शेयर खरिद | ७,६६,४८६।- |
| ६ | कृषि | ७,२४,४९९।२५ | ६ | छोरा सोजन पुरीको शैक्षिक खर्च | १०,५६,४६७।०१ |
| ७ | लाभांश | २,७३,८२२।७१ | ७ | विद्युतीय सामाग्री | ९१,०००।- |
| ८ | ब्याज | ७,६४,४३९।६६ | ८ | सवारी साधन खरिद | ४,२८,९००।- |
| ९ | बिमा भुक्तानी प्राप्त | ३,३५,०८०।०० | ९ | विदेश भ्रमण | १,७१,६७५।- |
| १० | अन्य भत्ता | ६,५०,४९२।८५ | १० | लाभ कर | ७५,२२९।- |
| ११ | दशैं भत्ता | ३,२०,८६८ | ११ | हवाई खर्च | ७०,०००। |

| | | | | |
|---|---|---|---|---|
| १९ | २०७३।१०।२६ | १५,३१,७१४ | जग्गा खरिद | |
| २० | २०७४।०९।१६ | ८,४५,५३६.८७ | जग्गा खरिद | |
| २१ | २०७४।१०।१४ | ९०,००० | हवाई खर्च | |
| २२ | २०७५।०३।०४ | ३३,३०० | शेयर खरिद | |
| २३ | २०७५।०३।१८ | २८,००० | शेयर खरिद | |
| २४ | २०७५।०३।१२ | ९,०६० | बीमा प्रिमियम | |
| २५ | २०७५।०३।२० | ६,९५५ | बीमा प्रिमियम | |
| २६ | २०७५।०३।३१ | ९१,००० | बिद्युतिय सामान | |
| २७ | २०७९असार | १७,१५,१६७.१५ | बैंक मौज्दात | |
| जम्मा ऋणात्मक रकम | | १,०४,०३,९४१.८३ | | |

- यसरी निज राजु पुरीको आर्थिक बर्ष 2052/53 देखि 2078/79 असार मसान्त सम्मको अवधिमा विभिन्न शीर्षकहरुमा रु.1,04,03,941।83 (अक्षरुपी एक करोड चार लाख तीन हजार नौ सय एकचालिस रुपैयाँ त्रियासी पैसा) बराबरको खर्च तथा लगानी (सम्पत्ति) को स्रोत खुलेको देखिंदैन। अदालतबाट cut-off अवधि कायम नगरी समग्र जाँच अवधिलाई समष्टिगत रुपमा आय तथा व्यय विश्लेषण गरी फैसला गर्दा, गैर कानुनी तवरवाट आर्जन गरेको सम्पत्तिबाट भएको आयलाई समेत कानुनी आयमा मान्यता दिदै जाने हो भने गैरकानुनी कार्यले प्रश्रय पाउने हुँदा उक्त फैसला त्रुटिपूर्ण रहेको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान प्रतिवेदनलेवादी नेपाल सरकार प्रतिबादी युवराज शर्मा समेत भएको ने.का.प. २०६९, अंक ९, निर्णय नं. ८८८६ गैरकानूनी सम्पत्ति भ्रष्टाचार मुद्दामा "गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रुपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नु पर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढे बढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढे बढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुन जाने अवस्था सिर्जना हुन आउँछ, जुन कानुनसम्मत हुन नसक्ने" सिद्धान्त प्रतिपादन भएको देखिदा उक्त नजिर सिद्धान्त प्रतिकूल हुने गरी विशेष अदालत, काठमाण्डौवाट भएको जाँच अवधिको विश्लेषण त्रुटीपूर्ण देखिन्छ।
- विशेष अदालतबाट भएको फैसलामा यी प्रतिवादीको आय ब्ययको स्थितिको मूल्यौंकन गर्दा आय तथा व्ययका निम्न आय व्यय शिर्षकहरूमा आयोगले दावी गरेको भन्दा फरक गरी घटबढ गरेको देखिएको र उक्त फैसला शिर्षकगत रुपमा देहाय बमोजिमको आधार कारणबाट त्रुटिपूर्ण रहेकोले बदरभागी छ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | ।८० | | | - |
| १२ | रेमिट्यान्स | १,५४,६१४।- | १२ | बैंक मौजदात | २९,०६,९८७।११ |
| १३ | मोटरसाइकल बिक्री | १,००,०००।- | - | - | - |
| १४ | बैंक खातामा आएको सापट रकम | ९२,१८,३३२।- | - | - | - |
| १५ | दानदक्षिणा टिका | २,००,०००।- | - | - | - |
| | कूल आय; | २,८२,३६,६८४।४४ | | कूल व्यय; | २,२३,९९,६९७।१ |

- **प्रतिवादीको आयका शिर्षकहरु मध्ये निम्न शिर्षकहरुमा विशेष अदालत ग्रहण गरेको आधारहरु त्रुटीपुर्ण देखिन्छ।**
- घरजग्गा बिक्री आयको हकमा हेर्दाः प्रस्तुत शिर्षकमा आरोपपत्र दायर गर्दा, प्रतिवादी राजु पुरीले जिल्ला ललितपुर, गोदामचौर १घ स्थित कि.नं. ५५२ को ०-६-०-० क्षेत्रफल भएको जग्गा मिति २०७३।०९।१४ गते भुवना जोशीलाई राजिनामा पास गरी बिक्री गर्दाको रकम रु.२9,90,०००।- रहेको देखिएतापनि निजले उक्त जग्गा खरिद गर्दा कूल खर्च गरेको रकम रु.२०,६१,१७१।— मध्ये रु.२,१५,८०४।१२ (अर्थात् खरिदमा खर्च रकमको 10.47%) को मात्र स्रोत पुगेको देखिएको हुँदा सोही प्रतिशतले हुन आउने रु.3,13,052।30 लाई मात्र आयमा गणना गरिएको तथा जिल्ला काठमाडौं, मातातिर्थ ९ख स्थित कि.नं. ६०८ को ०-५-२-२ क्षेत्रफल भएको जग्गा मिति २०७४।०२।२९ गते सुमित्रा कार्कीलाई राजिनामा पास गरी बिक्री गर्दाको रकम रु.२३,००,०००।- रहेको देखिएतापनि निजले उक्त जग्गा खरिद गर्दा कूल खर्च गरेको रकम रु.१७,२४,२५०।- मध्ये रु.१,९२,५३६।४३ (अर्थात् खरिदमा खर्च रकमको ११.१७%) को मात्र स्रोत पुगेको देखिएकोले सोही प्रतिशतले हुन आउने रकम रु.२,५६,९१०।- लाई मात्र आयमा गणना गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा प्रतिवादी राजु पुरीले माथी उल्लिखित २ वटा जग्गा बिक्री आय शीर्षकमा कूल रु.५२,९०,०००।— (बाउन्न लाख नब्बे हजार रुपैयाँ) प्रतिवादीको आयमा गणना गर्ने ठहर गरीएको अवस्था छ। यसरी फैसला गर्दा, स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाएको चल अचल सम्पत्तिका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान प्रतिवेदनले युवराज शर्मा समेत प्रतिवादी भएको गैरकानुनी सम्पत्ति भ्रष्टाचार मुद्दामा "गैरकानुनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रुपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नु पर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुन जाने अवस्था सिर्जना हुन आउँछ, जुन कानुनसम्मत हुन नसक्ने" (ने.का.प. २०६९, अंक ९, निर्णय नं. ८८८६) भनी सम्मानित सर्वोच्च अदालतबाट नजीरसमेत प्रतिपादित भएको देखिन्छ। यसैगरी "सम्पत्तिको मूल स्रोत नै दुषित भएपछि सो पश्चातका कार्यहरु (DEEDS) कदापि बैध हुन सक्तैन भन्ने सम्पत्ति सम्बन्धि बिधिशास्त्रीय मान्यता रहेको – Fruit of poisonous tree doctrine" (सम्पत्ति शुद्धीकरण अनुसन्धान बिभाग बि. अभिषेक गिरी 079-CF-0012) बाट समेत प्रतिवादीको आय व्यय गणना गर्दा जुन अवधिमा व्यय अर्थात खर्च एवं लगानी गरी सम्पत्ति जोडेको देखिन्छ सोही अवधिभित्र निजको आय आर्जन सो सम्पत्ति जोड्न वा खर्च गर्न पुग्ने गरी कानुनी रुपमा आम्दानी प्राप्त भएको हुनु पर्ने र निजको आम्दानीले सम्पत्तिको स्रोत पुग्ने नदेखिएमा जोडेको सम्पत्ति गैरकानूनी रुपमा आय आर्जन गरेको ठहर हुन जाने हुँदा विशेष अदालतबाट भएको उक्त फैसला न्यायीक सिद्धान्त समेतको आधारमा त्रुटीपूर्ण रहेकोले बदर भागी छ।
- घर जग्गा बहाल आयको हकमा हेर्दा, प्रतिवादी राजु पुरीको नाममा दर्ता कायम रहेको जिल्ला ललितपुर, हाल गोदावरी नगरपालिका-१, साविक गोदामचौर- २ख स्थित कि.नं. ३५४ र ३५७ को क्रमशः क्षेत्रफल १-१२-२-० तथा १-९-२-० भएको जग्गा पेम्बा डिमा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | शेर्पालाई मासिक रु.२०,०००।- का दरले बहालमा दिँदा प्राप्त भएको बहाल कर कट्टा गरी बहाल आयको शीर्षक अन्तरगत रु.९,०७,२००।- आयमा गणना गरिएकोमा मुख मिलेको नै अवस्था देखिन्छ।<br>• प्रतिवादी राजु पुरीको नाममा रहेको गोदामचोर २ख स्थित कि.नं. ३६१ को ०-१२-०-० क्षेत्रफल भएको जग्गामा निर्मित तीन तले घरको भुइँतलाको ४ कोठा संजय मुललाई मासिक रु.१५,०००।- का दरले भाडामा दिंदा प्राप्त भएको बहाल आय भनी २०७५ साउन देखि २०७९ असार महिना सम्मको एकमुष्ट बहाल कर मिति २०७९/०३/२९ मा गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा भुक्तान गरेको रसिद पेश गरेको भए तापनि निजले पेश गरेको घरबहाल सम्झौता र उक्त घरबहालमा लगाएको भन्ने व्यहोरा मनासिव नै मानी मिति २०७५ साउनदेखि २०७९ असार महिनासम्मको निजको दावी अनुसारको रकममा बहाल कर कट्टा पश्चात रु.६,८०,४००।- आय प्राप्त भएको खुल्न आएतापनि भुईं तल्ला सम्मको घर निर्माणमा भएको कूल खर्चको ५४.६८% को मात्र स्रोत खुलेको देखिएको हुँदा सोहि बमोजिमको रकम रु.३,७२,०६५।९८ मात्र घरबहाल आय कायम गरी आयमा गणना गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा रु.६,८०,४००।–प्रतिवादीको आयमा गणना हुने ठहर गरी फैसला भएको देखिन्छ। उक्त घर जग्गा बहालको सन्दर्भमा, अनुसन्धानको जाँच अवधीमा आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्था र "सम्पत्ति खरिद गर्दा लगानी गरिएको आधारभूत मूल्यको स्रोत पुष्टि हुन सकेन भने सोही लगानीसम्म गैरकानुनी आर्जन हुने" भन्ने सम्मानित सर्वोच्च अदालतबाट नजिर सिद्दान्त प्रतिपादन भएको सन्दर्भलाई समेत विचार गर्दा बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने न्यायीक सिद्धान्त समेतको आधारमा उक्त आयलाई बैधता दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेकोले बदर भागी छ।<br>• सोही अनुसार प्रतिवादी राजु पुरीको नाममा रहेको गोदामचोर २ख स्थित कि.नं. ३६१ को ०-१२-०-० क्षेत्रफल भएको जग्गामा निर्मित तीन तले घरको पहिलो तलाको ४ कोठा कृष्ण शंकर घिमिरेलाई मासिक रु.१५,०००।- का दरले भाडामा दिंदा प्राप्त भएको बहाल आय भनी २०७५ साउन देखि २०७९ असार महिना सम्मको एकमुष्ट बहाल कर मिति २०७९/०३/२९ मा गोदावरी नगरपालिका नगर कार्यापालिकाको कार्यालयमा भुक्तान गरेको रसिद पेश गरेको भए तापनि निजले पेश गरेको घरबहाल सम्झौता र उक्त घरबहालमा लगाएको भन्ने व्यहोरा मनासिव नै मानी मिति २०७५ साउन देखि २०७९ असार महिना सम्मको निजको दावी अनुसारको रकममा बहाल कर कट्टा पश्चात रु.६,८०,४००।- आय प्राप्त भएको खुल्न आएतापनि पहिलो तल्ला देखिको घर निर्माणमा भएको कूल खर्चको ६५.५८ प्रतिशतको मात्र स्रोत खुलेको देखिएको हुँदा सोहि बमोजिमको रकम रु.४,४६,२०६।३२ मात्र घरबहाल आय कायम गरी आयमा गणना गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा रु.६,८०,४००।– प्रतिवादीको आयमा गणना हुने ठहर गरी फैसला भएको देखिन्छ। उक्त घर जग्गा बहालको सन्दर्भमा, अनुसन्धानको जाँच अवधीमा आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने न्यायीक सिद्धान्त समेतको आधारमा उक्त आयलाई बैधता दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेकोले बदर भागी छ।<br>• कर्जा आयको हकमा हेर्दा, प्रतिवादी राजु पुरीले कर्मचारी संचयकोष, राष्ट्रिय वाणिज्य बैंक, बृहस्पती बचत तथा ऋण सहकारी संस्था लि., लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लि. को |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पत्रबाट कर्जा लिएको देखिएको हुँदा पत्रमा लेखिए अनुसारकै रकमलाई कर्जाबाट प्राप्त आयका रुपमा गणना गरिएको छ। यसैगरी, निजको श्रीमती श्रृजना गिरीले अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि. बाट कर्जा लिएको देखिएको हुँदा श्री अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि. को व्यक्तिगत ऋण खाता विवरण बमोजिमको रकमलाई गणना गरी रु.३७,४७,१३४।९० लाई कर्जा आय कायम गरी आरोपपत्र दायर गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि. बाट रु.३,००,०००।– र कर्मचारी संचय कोषबाट रु.१,४४,९००।– कर्जा लिएको हुँदा उक्त दुवै वित्तीय संस्थाबाट लिएको जम्मा रु.४,४४,९००।-समेत गणना गर्दा कूल रु.४१,९२,०३४।९० (एक चालिस लाख बयानब्बे हजार चौतिस रुपैयाँ नब्बे पैसा) प्रतिवादीको कर्जा आयमा गणना हुने ठहर गरेको अवस्था छ।<br>• उक्त शिर्षकमा प्रतिवादी राजु पुरीले सार्बजनिक सेवामा कार्यरत रहँदा आफ्नो नाममा कर्मचारी संचयकोष, नागरीक लगानी कोष र श्रीमती श्रृजना गिरीले अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि. बाट समेत कर्जा लिएको देखिन आएकोले अनुसन्धानको क्रममा विभिन्न बैङ्क, वित्तीय संस्था, कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोष समेतबाट प्राप्त हुन आएका कागजातहरु, निजले आयोगमा पेश गरेको सम्पत्ती विवरण तथा निजले बयानको क्रममा खुलाई दावी लिए अनुसार प्राप्त प्रमाणबाट खुल्न आएको कर्जा रकम जम्मा रु.३७,४७,१३४।९० लाई आरोप पत्रको प्रतिवादीको आयमा गणना गरिएको अवस्थामा प्रतिवादीले पेश गरेको प्रमाणको परिक्षण सम्म नगरी भएको फैसला त्रुटीपूर्ण देखिन्छ।<br>• ब्याज आयको हकमा हेर्दा, प्रतिवादी राजु पुरी तथा निजको श्रीमती श्रृजना गिरीको नाममा रहेको तत्कालीन नेपाल इन्भेष्टमेन्ट बैंक लि., एनएमबी बैंक लि. तथा बृहस्पति बचत तथा ऋण सहकारी संस्था लि.मा रहेको खातामा भएको मौज्दातमा प्राप्त कर कट्टी पछिको रकम रु.३,२५,६८४।२६ लाई ब्याज आयमा गणना गरेकोमा विशेष अदालतबाट फैसला हुँदा जाँच अवधिमा ब्याज बापत प्राप्त गरेको प्रतिवादीहरुको बैंक स्टेटमेन्टहरुबाट देखिएको कूल रकम रु.७,६४,४३९।६६ (सात लाख चौसठ्ठी हजार चार सय उनान्चालिस रुपैयाँ छैसठ्ठी पैसा) लाई प्रतिवादीहरुको ब्याज आय शीर्षकमा गणना गर्नु पर्ने ठहर गरिएको अवस्था छ।<br>• उक्त शिर्षकको हकमा, प्रतिवादीहरुको बैंक खाताहरुमा कारोबार भएको मुल श्रोत रकमको कानुनी बैधता कहिकतैबाट पुष्टि हुन सकेको देखिदैन। यसै सन्दर्भमा "बैंकमा राखेको रकमको व्याजलाई आयमा समावेश गर्नका लागि त्यसको मूलधन वैध थियो भन्ने तथ्य पुष्टि गर्न सक्नु पर्ने" भनि नेपाल सरकार विरुद्ध रामाज्ञा चतुर्वेदी (ने.का.प.२०६८, अंक ६, नि.नं. ८६३०) र "वैधानिक स्रोतबाट आयआर्जन गरेको हो भनी पुष्टी गर्ने दायित्व प्रतिवादी उपर रहने" भनि नेपाल सरकार विरुद्ध जय प्रकाश प्रसाद गुप्ता समेत (ने.का.प.२०६८, अंक ११, नि.नं.८७२२) को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट नजिर सिद्दान्त प्रतिपादन भएको हुँदा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिरको प्रतिकूल गैरकानूनी रकम बैंकमा राखी उक्त रकममा प्राप्त भएको बैंक ब्याजलाई प्रतिवादीको बैध आयमा गणना गरी भएको प्रस्तुत फैसला बदर भागी देखिन्छ।<br>• बिमा भुक्तानीबाट प्राप्त आयको हकमा हेर्दा, प्रतिवादी राजु पुरी तथा निजका छोरा सोजन पुरीको नाममा अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट बिमा कम्पनीबाट प्राप्त रकम मध्ये श्रोत नखुलेको हुँदा उक्त शीर्षकमा रु.३,०५,५९३।४० मात्र गणना गरी आरोपपत्र दायर गरिएकोमा उक्त बिमा कम्पनीहरुको पत्रद्वारा कूल रु.३,३५,०८०।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | (तीन लाख पैतिस हजार असी रुपैयाँ) बिमा कम्पनीबाट प्राप्त भएको श्रोत पुष्टि भएको देखिन आएकोले सो रकमलाई निज प्रतिवादीहरुको बिमाबाट प्राप्त शीर्षकमा गणना हुने गरी फैसला भएको अवस्था छ।<br>• उपरोक्त सम्बन्धमा, प्रतिवादीले बिमा भुक्तानीबाट प्राप्त सम्पूर्ण आयलाई गणना गर्नुपर्छ भनी जिकिर लिएपनि बिमाको प्रिमियम वा मुलधन बैध थियो भन्ने बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएको उक्त ऋणात्मक व्यय अर्थात बीमाको प्रिमियम दाखिला गर्दा श्रोत नपुगेको र सोबाट प्राप्त हुने बीमा भुक्तानीको हकमा समेत आय गणना गर्ने गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहि बदरभागी छ।<br>• अन्य भत्ताबाट प्राप्त आयको हकमा हर्दा, प्रतिवादी राजु पुरीले नेपाल विद्युत प्राधिकरणमा कार्यरत रहँदा प्राप्त गरेको आवास सुविधा, अतिरिक्त समय काम गरेको भत्ता, प्राधिकरण अनुदान भत्ता, घर बिदा लगायतको रकम नेपाल विद्युत प्राधिकरणको मिति २०७९।०४।२५ को पत्र साथ प्राप्त विवरण बमोजिमको रकम रु.२,८५,७९०।४० लाई शतप्रतिशत आयमा गणना गरिएको तथा निजले नेपाल विद्युत प्राधिकरण तथा निजामति सेवामा कार्यरत रहँदा प्राप्त गरेको महंगी भत्ता तथा लुगा भत्तामा ३० प्रतिशत जिवन निर्वाह खर्च कट्टा गरी बाँकी रहन आएको रकम रु.१,९१,०८१।८० लाई गरी निजको आयमा अन्य भत्ता बापत कूल रु.४,७६,८७२।२० आयमा गणना गरी आरोपपत्र दायर गरिएकोमा प्रतिवादी राजु पुरी कार्यरत रहेको कार्यालयबाट विभिन्न शिर्षकहरुमा निजले प्राप्त गरेको विभिन्न शीर्षकको भत्ता बापत प्राप्त कूल रु.९,२९,२७५।५० (नौ लाख उनान्तिस हजार दुई सय पचहत्तर रुपैयाँ पचास पैसा) लाई ३० प्रतिशत जीवन निर्वाह खर्च कटौती गरी बाँकी हुन आउने ७० प्रतिशत अर्थात रु.६,५०,४९२।८५ (छ लाख पचास हजार चार सय बयानब्बे रुपैयाँ पचासी पैसा) प्रतिवादीको आयमा गणना गर्ने गरी फैसला भएको देखिन्छ।<br>• उक्त शिर्षकको हकमा विश्लेषण गर्दा, प्रतिबादीले मौकामा अधिकार प्राप्त अधिकार र आयोगमा पेश गरेको सम्पत्ति विवरण समेतको आधारमा पेश गरेको भत्ताहरुको विवरण र सम्बन्धित निकायबाट प्राप्त भएको आधिकारिक विवरण अनुसार नै आय शिर्षकमा गणना गरीएकोमा प्रतिबादीले अदालतमा बयानमा कसूरमा उन्मुक्ति पाउने उद्देश्यले श्रृजना गरेको प्रमाणलाई आधार मानी उक्त पेश गरेको प्रमाणको न्यायीक मूल्यांकन समेत नगरी समग्र आयमा गणना गरी भएको फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्वान्तको बिपरित रहेकोले बदरभागी छ।<br>• प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेश गरेको सम्पति विवरण र अनुसन्धानको क्रममा गरेको बयान समेतमा नखुलाएको पछिवाट अदालत अदालतमा उपस्थित भई बयान गर्दा खुलाएको आयमा थप शिर्षकहरु र सोमा विशेष अदालतवाट कायम भएको आय रकमहरुलाई निम्न अनुसार खण्डन गरिएको छ।<br>• रेमिट्यान्सबाट प्राप्त आयको हकमा हर्दा, प्रतिवादी सृजना पुरीको आफन्त धन बहादुर अधिकारीले दुवईबाट पठाएको रु.१,०९,९८४।— र प्रतिवादीको छोरा सोजन पुरीले अष्ट्रेलियाबाट पठाएको रु.४४,६३०।—समेत रेमिट्यान्स बापत प्रस गरेको एनएमबि बैंक लि.को बैंक स्टेटमेन्टबाट देखिन आएको हुँदा प्रतिवादीहरुले प्राप्त गरेको कूल रु.१,५४,६१४।— (एक लाख चउन्न हजार छ सय चौध रुपैयाँ) लाई निजहरुको रेमिट्यान्स आयमा गणना हुने ठहर गरी भएको फैसलाको सन्दर्भमा, प्रतिवादीले मौकामा बयान तथा सम्पत्ति विवरण पेश गर्दा उक्त रेमिट्यान्सबाट प्राप्त रकमको सन्दर्भमा केही जिकिर नलिएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | उक्त रकम मध्ये आफन्त धन बहादुर अधिकारीले पठाएको कूल रकम रु.१,०९,९८४।— मिति २०७२।१२।२० र २०७३।०२।२१ मा भएको र सो प्राप्त रकम हालसम्म पनि तिरेको नदेखिएको हुँदा सो रकम विप्रेषण आय हुने विश्वासनीय आधार नरहेको र अदालतको बयान गर्दा कसूरबाट उन्मुक्ति पाउने उद्देश्यले मात्र सो व्यहोराको जिकिर गरेको हुँदा उक्त आयको श्रोतको न्यायीक परिक्षण तथा विश्लेषण नगरी भएको फैसला त्रुटीपूर्ण रहेको हुँदा बदर भागी छ।<br>• मोटरसाइकल बिक्रीबाट प्राप्त आयको हकमा हर्दा, प्रतिवादी राजु पुरीको नाउँमा दर्ता रहेको बा३५प ८५२३ को हिरो होण्डा साइन मोटरसाइकल रु.१,००,०००।—(एक लाख रुपैयाँ-)मा बिक्री गरेको भन्ने मिति २०७४।०६।१७ मा दल बहादुर सार्कीलाई यातायात व्यवस्था कार्यालय (मोटर साइकल) पारित गरिदिएको सवारी साधन नामसारी दरखास्तबाट देखिन आएकोले रु.१,००,०००।—(एक लाख रुपैयाँ)लाई निजको आयमा गणना गर्ने ठहर गरी भएको फैसला प्रमाणको उचित परीक्षण तथा विश्लेषण नगरी भएको हुँदा बदरभागी रहेको छ।<br>• बैंक खातामा आएका सापट रकमको हकमा हेर्दा, प्रतिवादी राजु पुरीको नाउँमा प्रतिवादी समेतको बैंक खाताको चेक मार्फत विभिन्न व्यक्तिहरुसँग विभिन्न समयमा लिएको र व्यक्ति विशेषबाट बैंक खातामा जम्मा गरी लिएको कूल रु.९२,१८,३३२।१६ (बयानब्बे लाख अठार हजार तीन सय बत्तिस रुपैयाँ सोह्र पैसा) लाई प्रतिवादीको सापट आयमा गणना गर्नु पर्ने भनी विशेष अदालतबाट फैसला भएको अवस्था देखिन्छ।<br>• उक्त शिर्षकको आयको सन्दर्भमा विवेचना गर्दा, निज प्रतिवादीको निजामति किताबखानाबाट प्राप्त सम्पत्ति बिवरणको ऋण लिए/दिएको महलमा हेर्दा निजले कहिले पनि दावि गरे बमोजिमका ऋण सापटि रकमको बारेमा उल्लेख भएको देखिदैन। व्यक्तिगत रुपमा लिएका भनिएका ऋण सापटि रकमहरु हाल आइ अनुसन्धानको बखत मात्र आफू फौजदारी दायित्वबाट बच्ने उद्देश्यले कागजातहरु तयार गरि पेश गरेको पाइएको हुँदा प्रतिवादीले वयानमा उल्लेख गरेकै भरमा सापटी आय हो भनी एकिन गरी प्रतिवादीको आयमा थप गरि भएको फैसला बदरभागी छ। यसै सन्दर्भा सम्मानित सर्वोच्च अदालतबाट "सार्वजनिक पदमा बहाल रहेको पदाधिकारीहरूले कानून बमोजिम नियमित रूपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम औपचारिकताको बिषय मात्र होईन यसको प्रमाणिक मुल्य हुन्छ।जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन" (युवराज शर्मा बि. नेपाल सरकार ०७१-NF-००२१) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको छ। यसरी प्रतिवादीले लिएको जिकिर प्रमाणहरुबाट पुष्टि हुनु पर्दछ।प्रतिवादीले सापटी रकम कम मात्र लिएको हो भनेर जिकिर लिएकै भरमा कुनै प्रमाण विना उक्त रकमलाई नै मान्यता दिई भएको शुरू विशेष अदालतको फैसला बदरभागी देखिन्छ।<br>• दानदक्षिणाबाट प्राप्त आयको हकमा हेर्दा, प्रतिवादीहरु राजु पुरी र सृजना गिरीको २०५५ सालमा विवाह गर्दा माइती मावली पक्षबाट टिकाटालो, दान,दक्षिणा बापत रु.२,००,०००।- (दुइ लाख रुपैयाँ) प्राप्त भएको भन्ने जिकिरमा विशेष अदालतबाट फैसला हुँदा परम्परागत धर्म, संस्कार, संस्कृति, समय वा कालखण्ड बमोजिम प्राप्त गरेको भनिएको रकम समेतलाई मध्येनजर गरी विवाहमा प्राप्त दान, दक्षिणा, टिकाटालो बापत प्राप्त रु.२००,०००।- (दुई लाख रुपैयाँ) लाई प्रतिवादीको आयमा गणना गर्ने ठहर गरिएको अवस्था रहेको देखिन्छ तर उक्त सामाजिक कार्यमा प्राप्त रकमको बारेमा समेत निज प्रतिवादी राजु पुरी समेतले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अनुसन्धान वयानमा कुनै जिकिर नलिएको र सम्पत्ति विवरणहरुमा समेत उल्लेख नगरेको परिस्थितिमा तथ्य र प्रमाणको अभावमा पनि अदालतबाट प्रतिवादीको आयमा दानदक्षिणाबाट प्राप्त आय थप हुने गरी भएको प्रस्तुत फैसला बदरभागी छ।<br>• **प्रतिवादीको व्ययका शिर्षकहरु मध्ये निम्न शिर्षकहरुमा विशेष अदालत ग्रहण गरेको आधारहरु त्रुटीपुर्ण देखिन्छ।**<br>• विद्युतीय सामाग्री खरिदको हकमा हेर्दा प्रस्तुत शिर्षकमा विशेष अदालतबाट फैसला हुँदा फैसलाको पृष्ठ ११८ को प्रकरण नं (छ) मा “आयोगबाट खटाईएका प्राविधिकहरुको टोलिले स्थलगत अवलोकन गरी तयार गरेको घर मूल्याङ्कन प्रतिवेदनमा समावेश भएको रकमलाई व्ययमा गणना गरेको न्यायसंगत नै देखिएको” भनि उल्लेख गरिएकोमा उक्त फैसलाको प्रकरण १०० (पृष्ठ १२७) मा देहायको तालिकामा प्रतिवादीको व्यय शिर्षक अन्तर्गत विद्युतीय सामाग्रीको खण्डमा आरोपदावी भन्दा घटी रकम रु. ९१,०००।— मात्र कायम गरि समग्र आय-व्ययको गणना गरी प्रतिवादीलाई व्यय शिर्षकमा घटी रकमको दाखिला गरि प्रत्यक्ष लाभ हुने तवरबाट भएको उक्त फैसला त्रुटीपूर्ण रहेकोले बदर भागी छ।<br>• हवाई खर्चको हकमा हेर्दा, प्रस्तुत शिर्षकमा अनुसन्धानको क्रममा प्रतिवादीले आयोग समक्ष मिति २०८०/०२/१० मा गरेको बयान बमोजिम आयोगले रु.९०,०००।- व्ययमा गणना गरेको अवस्थामा फैसला गर्दा सो टिकट रु.७०,०००।–(सत्तरी हजार रुपैयाँ)मा खरिद गरेको भन्ने टिकट खरिद बिल र नेपाल इन्भेष्टमेन्ट बैंक हाल नेपाल इन्भेष्टमेन्ट मेघा बैंकको खाताको बैंक विवरणबाट देखिन आएकोले हवाई टिकट खर्च शीर्षकमा रु.७०,०००।–(सत्तरी हजार रुपैंयाँ) मात्र गणना गर्नु पर्ने देखिएको भनि फैसला गरेको अवस्था देखिन्छ। यसरी अनुसन्धानको क्रममा निज प्रतिवादीले स्वयंले बयानमा घोषणा गरेको रकमलाई आरोपदावीमा व्ययको खण्डमा राखिएकोमा उक्त व्यहोरालाई कम व्यय देखाएर प्रमाण श्रृजना गरी सोही प्रमाणको आधारमा भएको फैसला प्रमाण कानूनको सिद्धान्त विपरित रहेकोले बगर भागी छ।<br>• अतः माथि उल्लेखित सम्पूर्ण आधार र कारण समेतबाट प्रतिवादी राजु पुरीले सार्वजनिक पद धारण गरेको अवधिमा गैर कानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति समेत आफ्नो र एकासगोलकी पत्नी सृजना गिरीको नाममा समेत राखेको देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा मिसिल संलग्न समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवम् सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी गैर कानूनी रुपमा आर्जन गरको सम्पत्तीबाट बढे बढाएको सम्पत्तीलाई समेत प्रतिवादीको बैध आय कायम गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरि प्रतिवादी राजु पुरी र सृजना गिरीलाई आरोप मागदावी बमोजिम साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र सो कसुरलाई निरन्तरता दिएको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुरमा प्रतिवादी राजु पुरीलाई बिगो रु.१,०४,०३,९४१।८३ (एक करोड चार लाख तीन हजार नौ सय एकचालिस रूपैयाँ त्रियासी पैसा) कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२), प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको जरिबाना र कैद सजाय समेत गरी पाउन सादर अनुरोध गरिन्छ। |